राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०५, संख्या ८, मकवानपुर, आश्विन ०७ गते, २०७८ साल

## भाग २

**राक्सिराङ्ग गाउँपालिका**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सोही दफाको उपदफा (३) बमोजिम सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**जेष्ठ नागरिक परिचय-पत्रवितरण कार्यविधि, २०७८**

संवत् २०७८ सालको कार्यविधि नं: ७०

## राक्सिराङ्ग गाउँपालिका

## राक्सिराङ्ग गाउँपालिको जेष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०७८

**प्रस्तावना:**

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको लागि राक्सिराङ्ग गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरि राक्सिराङ्ग गाउँपालिका क्षेत्र भित्र संविधान, ऐन, कानुन अनुकुल हुने गरि जेष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने सम्वन्धमा कार्य गर्नको लागि कार्यविधि निर्माण गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यपालिकाले यो कार्यविधि वनाएको छ।

### परिच्छेद-१

**१.संक्षिप्त नाम र प्रारम्भ:-** (१) यस कार्यविधिको नाम जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि, २०७८ रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिदेखी लागू हुनेछ।

**२. परिभाषा:-** (१) विषय प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) जेष्ठ नागरिक भन्नाले साठी वर्ष उमेर पुरा गरेको नेपाली नागरिक सम्झनु पर्छ।

ख) हकवाला भन्नाले मुलुकि-देवानी-संहिता-२०७४ अपुतालिको महल बमोजिम जेष्ठ नागरिकको अपुतालि खान पाउने हकवाला सम्झनुपर्छ।

ग) जेष्ठ नागरिक क्लव भन्नाले जेष्ठ नागरिले आफ्नो हकहित र अधिकार संरक्षणको लागी प्रचलित कानुन बमोजिम स्थापना गरेको क्लव सम्झनुपर्छ।





**३. उद्देश्य :-**

क) जेष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तह देखि नै जेष्ठ नागरिकहरुको लगत राख्ने।

ख) नेपालको संविधान अनुसार प्रदत्त जेष्ठ नागरिकहरुको हक, अधिकार सुनिश्चित गर्न र जेष्ठ नागरिकहरुको वर्गिकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकहरुलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने।

ग) प्रचलित ऐन, नियम अनुसार जेष्ठ नागरिकहरुलाई राज्यबाट प्रदान गरिने सुविधा र अधिकारको संरक्षण गर्दै निजहरुको सम्मानजनक रुपले जीवनयापन गर्ने अवस्थाको सुनिश्चिता कायम गर्ने र समाज विकासको प्रकृयामा ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रकृयामा सहभागी गराउने।

**४. जेष्ठ नागरिकको वर्गीकरण :-** जेष्ठ नागरिक सम्वन्धि नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम जेष्ठ नागरिकहरुको वर्गीकरण देहाय बमोजम गरिएको छ।

क) सत्तरीवर्ष उमेर पुरा नगरेका जेष्ठ नागरिक,

ख) सत्तरी वर्ष उमेर पुरा गरेका वरिष्ठ जेष्ठ नागरिक, असहाय जेष्ठ नागरिक

ग) अशक्त जेष्ठ नागरिक,

घ) एकल जेष्ठ नागरिक।

Photo

## परिच्छेद-२

**५. परिचय-पत्र वितरणका मापदण्ड :-**

जेष्ठ नागरिक सम्वन्धि नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेका नेपाली नागरिकहरुलाई मात्र जेष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिने छ ।

**६. परिचय-पत्र वितरणका प्रकृया:-**

क) जेष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको जेष्ठ नागरिक स्वयं वा निजका संरक्षकले अनुसूची १ बमोजिमको ढाँचामा गाउँपालिकाको सम्वन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

ख) निवेदनमा जेष्ठ नागरिकको उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी र २ प्रति अटो साईजको फोटो संलग्न हुनु पर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्रलाई आधार मानिने छ ।

ग) जेष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी सम्वन्धि वडा कार्यालयमा कार्यरत पञ्जीकाधिकारी हुनेछ ।

घ) जेष्ठ नागरिक परिचय-पत्र वितरण सँग सम्बन्धीत अन्य कार्यहरु गाउँपालिकाको सामाजिक विकास शाखाको समन्वयमा सञ्चालन गरिनेछ ।

**७. जेष्ठ नागरिक परिचय-पत्रको ढाँचा** :-जेष्ठ नागरिकको परिचय-पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची - २ बमोजिमको हुनेछ । जेष्ठ नागरिक परिचय-पत्रको आकार नेपाली नागरिकताको प्रमाण-पत्रको आकार वा गाउँपालिकाको कार्यालयले अवश्यकता अनुसार निर्धारण गर्न सक्नेछ ।

**८. विविध** :- जेष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था बाहेक प्रचलित कानूनको अधिनमा रही गाउँ कार्यपालिकाकाले निर्णय गरे बमोजिम हुनेछ, यस अघि जेष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानीने छ ।





## अनुसुचि १

### बुदाँ ६ (क) सग सम्बन्धि

मिति:-

श्रीमान् स्थानीय पञ्जिकाधिकारी ज्यू,

......... नं वडा कार्यालय,

राक्सिराङ्ग गाउँपालिका ।

**विषय :-जेष्ठ नागरिक परिचय पत्र पाउँ ।**

उपरोक्त सम्बन्धमा प्रचलित कानुन बमोजिम म जेष्ठ नागरिक भएको हुदा जेष्ठ नागरिक परिचय पत्र उपलब्ध गराईदिनु हुन देहायको विवरण पेश गरेको छु । जेष्ठ नागरिक परिचय पत्र उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु ।

**पति/पत्नीको नाम :-**

**संरक्षक/सम्पर्क व्यक्तिको नाम :-**

**संरक्षक/सम्पर्क व्यक्तिको सम्पर्क नं :-**

**संलग्न कागजात :-**

निवेदकको :-दस्तखत :-

नाम र थर :-

उमेर :-

ठेगना :-

## अनुसुचि २

## बुदा ७ संग सम्बन्धित

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चैनपुर,मकवानपुर
बागमती प्रदेश,नेपाल

**ज्येष्ठ नागरिक परिचय-पत्र**

फोटो

परिचय पत्र नं.

नाम, थर :..............................................................................................

ठेगना : प्रदेश : बागमती जिल्ला : मकवानपुर स्थानीय तह : राक्सिराङ्ग वडा नं.:......

जन्ममिति :.................................... नागरिकता नं. :..............................

लिङ्ग : महिला ☐ पुरुष ☐ दीर्घ रोग :........................... रक्त समूह...........

पति/पत्निको नाम थर :..............................................................................

सेवन गरिरहेको औषधीको नाम :....................................................................

उपलब्ध छुट/सुविधाहरु :..........................................................................

संरक्षकको नाम, थर :...............................................................................

हेरचाह केन्द्रमा भए सो को विवरण :.......................... मोबाइल नं.:.....................

परिचय पत्र प्रमाणित गर्ने

| दायाँ | बायाँ |
|---|---|

नाम,थर
:...........................................

हस्ताक्षर
:...........................................

यो परिचयपत्र कसैले पाएमा नजिकको प्रहरी कार्यालय वा स्थानीय तहमा बुझाइदिनु होला ।

Raksirang Rural Municipality





Office of Municipal Executive
Chainpur,Makawanpur
Bagamti Province,Nepal

**Senior Citizens ID Card**

Photo

**ID Card No.:-**

**Full Name of Person :-** ..........................................................................

**Address.:- Province.:- Bagamati District.:- Makawanpur Local Level.:- Raksirang**

**Ward No. :** ........................ **Date of Birth.:** ............................................

**Citizenship No.:-**.......................... **Sex.:-** **Male** ☐ **Female** ☐

**Spouse Name .:-**............................................ **Mobile no :-**.....................

**Chronic Diseases :-**................................ **Blood Group.:-**......................

**Available Facilities :-**........................... **Mobile No.:**..............................

**Currently Using Drugs name if any:**..........................................................

**Name of Nursing or Caring center if any.:-**...............................................

| Right | left |
|---|---|

Approved By :-

Name :-.............................................
Signature :-.......................................
Designation :-....................................
Date :-...............................................

**If Someone find this ID Card,Please deposit this in the nearby Police**

आज्ञाले,
देब चन्द्र बर्तौला
प्रमुख प्रशासकिय अधिकृत

राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर/ मुद्रण रु. ५ मात्र ।